# पाठ - 9
## नफिल नमाज़हरु

# الدرس التاسع - نيبالي
## النوافل

**सुन्नते मोअक्कदह** : हरेक मुस्लिम पुरुष र महिलाहरु लाई चाहियो कि यात्रामा न भएको अवस्थामा सधैं बारह रकअत नमाज पढने प्रयास गरुन, जुहर भन्दा पहिले चार रकअत, र त्यस पछि दुई रकअत, मगरिब पछि दुई रकअत, इशा पछि दुई रकअत, र फजर भन्दा पहिला दुई रकअत, उम्मे हबीबा रजियल्लाहु अन्हाले भन्नु भयो कि मैले रसूल ﷺ लाई भन्दै सुनेको छु कि

مَا مِنْ عَبْدٍ مُسْلِمٍ يُصَلِّي لِلهِ كُلَّ يَوْمٍ ثِنْتَيْ عَشْرَةَ رَكْعَةً تَطَوُّعًا، غَيْرَ فَرِيضَةٍ، إِلَّا بَنَى اللهُ لَهُ بَيْتًا فِي الْجَنَّةِ، أَوْ إِلَّا بُنِيَ لَهُ بَيْتٌ فِي الْجَنَّةِ

जुन सुकै मुस्लिमले अल्लाहको लागि प्रत्येक दिन अनिवार्य नमाजहरु बाहेक बारह रकअत नफिल नमाज पढछ भने त्यसको लागि अल्लाहले स्वर्गमा घर बनाउँछन, वा त्यसको लागी स्वर्गमा एउटा घरको निर्माण भइहाल्छ (मुस्लिम - ७२८)।

नफिल नमाज र खास गरि सुन्नत नमाज घर मै पढनु उत्तम हुन्छ, जाबिर बिन अब्दुल्लाह ﵁ को हदीस हो कि रसूल ﷺ ले भन्नु भयो

إِذَا قَضَى أَحَدُكُمُ الصَّلَاةَ فِي مَسْجِدِهِ، فَلْيَجْعَلْ لِبَيْتِهِ نَصِيبًا مِنْ صَلَاتِهِ، فَإِنَّ اللهَ جَاعِلٌ فِي بَيْتِهِ مِنْ صَلَاتِهِ خَيْرًا

तिमीहरु मध्ये यदि कसैको नमाज मस्जिदमा पुरा भइसक्यो भने त्यो आफ्नो घरमा पनि नमाज पढोस, किन कि घरको नमाजमा अल्लाहले धेरै लाभ राख्नु भएको छ» (मुस्लिम - ७७८)

बुखारी र मुस्लिममा जैद बिन साबित ﵁ बाट रसूल ﷺ को यो हदीस उल्लेख छ कि فَإِنَّ خَيْرَ صَلَاةِ الْمَرْءِ فِي بَيْتِهِ إِلَّا الصَّلَاةَ الْمَكْتُوبَةَ अनिवार्य नमाजहरु बाहेक अरु नमाज घरमा पढनु उत्तम छ»

**वित्रको नमाज** : वित्रको नमाज पढनु सुन्नत हो, र यो सुन्नते मुअक्कदा हो, र यसको समय चाहिं इशा नमाज पछि देखि फजर उदय हुने सम्म हुन्छ, तर उत्तम समय रातिको अन्तिम भाग हो, यदि त्यो समयमा उठिने आत्मविशवास छ भने, र यो यस्तो सुन्नत हो जसलाई रसूल ﷺ ले कहीले छोडनु भएनन, बरु घरमा र यात्रामा सँधै पढने गर्नु हुन्थ्यो, र कम्तीमा एक रकअत नमाज पढनु पर्छ, रसूल ﷺ रातिमा ग्यारह ११ रकअत नमाज पढने गर्थे, जस्तो कि हजरत आइशाको हदीसमा छ

أَنَّ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، كَانَ يُصَلِّي بِاللَّيْلِ إِحْدَى عَشْرَةَ رَكْعَةً، يُوتِرُ مِنْهَا بِوَاحِدَةٍ

रसूल ﷺ रातिमा ग्यारह ११ रकअत नमाज पढने गर्थे, त्यस मध्ये एक रकअत वित्र हुन्थ्यो (मुस्लिम) र रातिको नमाज दुई दुई रकअत हुन्छ, इब्ने उमर ﵁ को हदीसमा छ कि कसैले रसूल ﷺ सित रातिको नमाज बारे सोध्नु भयो त रसूल ﷺ ले भन्नु भयो

صَلَاةُ اللَّيْلِ مَثْنَى مَثْنَى، فَإِذَا خَشِيَ أَحَدُكُمُ الصُّبْحَ، صَلَّى رَكْعَةً وَاحِدَةً تُوتِرُ لَهُ مَا قَدْ صَلَّى

रातिको नमाज दुई दुई रकअत हो, यदि तिमीहरु मध्ये कसैलाई बिहान भइहाल्ने डर छ भने एक रकअत नमाज पढि लियोस् किनभने त्यो एक रकअत नमाज सम्पूर्ण नमाजलाई वित्र बनाइ दिन्छ

वित्रको नमाजमा रुकूअ पछि कहिले दुआए कुनूत पढनु राम्रो छ, किनकि हसन बिन अली ﵁ को हदीसमा छ कि रसूल ﷺ ले उहाँलाई वित्रको दुआ सिखाउनु भयो, तर सँधै न पढने, किनकि जति सहाबाहरुले नबी ﷺ को नमाजको कैफियत ब्यान गर्नु भएका छन उनीहरु मध्ये अधिक सहाबीहरुले कुनूतको चर्चा गर्नु भएको छैनन् । त्यस्तै जसको रातिको नमाज छुटेको छ भने दिनमा जोडा जोडा कजा गर्नु उत्तम छ, जस्तो कि दुई रकअत, वा चार रकअत, वा छ रकअत, वा आठ रकअत, वा दस रकअत, वा बारह रकअत, किनकि नबी ﷺ ले यस्तै गर्नु भएको छ ।